# सिद्धार्थ लगानी बृद्धि योजना १ को ईकाइधनीहरुलाई रकम फिर्ता भुक्तानी लिन आउने बारेको सूचना

सिद्धार्थ बैंक कोष प्रवर्द्धक रहेको तथा यस कम्पनी योजना व्यवस्थापक रहि सिद्धार्थ म्युचअल फण्ड अर्न्तगत संचालित सिद्धार्थ लगानी बृद्धि योजना १ मिति २०७४/०९/०९ मा परिपक्व भई प्रचलित सामुहिक लगानी कोष नियमावली, २०६९ को व्यवस्था तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम खारेजीमा लगिएको र सो योजनाका हाल कायम इकाईधनीहरुले प्राप्त गर्ने फिर्ता भुक्तानी रकम प्रचलित कानुन बमोजिम कर कट्टा गरी **सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं**बाट तपसिलमा उल्लेख भए बमोजिमको तालिका अनुसार वितरण गर्न लागिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ ।

साथै अभौतिक रुपमा इकाई रही हितग्राही खातामा बैंक खाता अद्यवाधिक गरेका इकाईधनीहरुको हकमा तल उल्लेखित तालिका अनुसार नै इकाईधनीहरुको बैंक खातामा फिर्ता भुक्तानी रकम रकमान्तर गरिने व्यहोरा समेत अनुरोध छ ।

**भौतिक रुपमा इकाई भएका ईकाइधनीहरुको हकमा**

| क्र.स. | ईकाइधनी नं. | वितरण हुने मिति | वितरण हुने समय |
|---|---|---|---|
| १ | ००१ देखि १५०० | २०७४/११/२५ | आईतबार देखि विहिबार सम्म १०:०० बजेदेखि ३:०० बजेसम्म र शुक्रबार १०:०० बजेदेखि १:०० बजे सम्म मात्र । |
| २ | १५०१ देखि २७०० | २०७४/११/२७ | |
| ३ | २७०१ देखि देखि माथि सबै | २०७४/११/२८ | |

**डिम्याट होल्डर भएका ईकाइधनीहरुको हकमा**

| क्र.स. | हितग्राही खाता नं. | | वितरण हुने मिति | वितरण हुने समय |
|---|---|---|---|---|
| १ | देखि | सम्म | | आईतबार देखि विहिबार सम्म १०:०० बजेदेखि ३:०० बजे सम्म र शुक्रबार १०:०० बजे देखि १:०० बजे सम्म मात्र । |
| २ | १३०१०१००००००१३९१ | १३०१२७००००००९४५१ | २०७४/११/२९ | |
| ३ | १३०१२८००००००२९८५ | माथि सबै | २०७४/११/३० | |

***द्रष्टव्य :***

१. इकाई प्रमाणपत्रको अभौतिकिकरण नगरेका इकाईधनीहरुले रकम फिर्ता लिन आउंदा उक्त सक्कल प्रमाणपत्र लिई आउनु पर्नेछ ।

२. रकम फिर्ता लिन पाल्नु हुने इकाईधनी महानुभावहरुले आफनो इकाईधनी प्रमाणपत्रको प्रतिलिपि वा परिचय खुल्ने अन्य कागजात वा नागरिकताको प्रतिलिपि वा BOID No. (हितग्राही परिचय नं.) अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

३. इकाईधनी महानुभाव स्वयं उपस्थित हुन नसकि आफ्नो रकम अन्य व्यक्ति मार्फत लिन पठाउनको लागि इकाईधनी महानुभावले त्यसरी आफ्नो रकम लिन गरिदिएको लिखित मन्जुरीनामा, सम्बन्धित इकाईधनी महानुभावको इकाई प्रमाणपत्र वा BOID No. (हितग्राही परिचय नं.) सहित मन्जुरीनामा पाएका व्यक्तिले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा परिचयपत्रको प्रतिलिपि लिई आउनु पर्नेछ ।

४. माथिको तालिका अनुसारको मितिमा आफ्नो नगद लाभांश पूर्जा संकलन गर्न असमर्थ हुने इकाईधनी महानुभावहरुले तालिकाको समय समाप्ति पश्चात् आफ्नो अनुकुल समयमा रकम संकलन गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

५. आफ्नो इकाई धितो राखेका इकाईधनी महानुभावहरुले अनिवार्य रुपमा त्यस्तो इकाईको धितो फुकुवा गरि इकाई प्रमाणपत्रका साथ धितो फुकुवा सम्वन्धी कागजात पेश गर्नु पर्नेछ ।

**नोटः योजना निष्काशन गर्दाका वखत फिर्ता भुक्तानी लिन बाँकी रहेको रकम तथा योजनाले विगतका आर्थिक वर्षमा वितरण गरेको तर इकाईधनीहरुले नलगेको लाभांश रकम समेत फिर्ता भुक्तानी रकममा जोडि फिर्ता गरिने व्यवस्था गरिएको छ ।**

**Siddhartha Capital Limited**
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५ फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

मिति २०७४/११/२२ गतेको कारोबार मा प्रकाशित गरिने ।